## पालुङटार नगरपालिका

## नगर कार्यपालिकाको कार्यालयको

### फोहोर मैला व्यवस्थापनका लागि प्रस्ताव आव्हान सम्बन्धि सूचना

सूचना प्रकाशित मिति : २०७८/०६/११

पालुङटार नगरपालिका क्षेत्र भित्रबाट उत्पादन हुने फोहोरमैला व्यवस्थापनको कार्य देहायका शर्त बन्देजका अधिनमा रही निजि क्षेतसंगको सहकार्यमा गर्नुपर्ने भएकाले उक्त कार्य गर्न इच्छुक दर्तावाला संस्थाले यस कार्यालयमा सूचना प्रकाशित मितिले १५ दिन भित्र प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

### शर्त बन्देज

१.यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले पन्ध्रौ दिन कार्यालय समय सम्म प्रस्ताव दर्ता गर्न सकिने छ ।

२. म्याद भित्र रित पुर्वक दर्ता भएका प्रस्ताव यो सूचना प्रकाशित भएको मितिले सोहौं दिन दिनको २:०० बजे यस कार्यालयमा खोलिने छ ।

३. प्रस्ताव साथ प्रस्तावदाता संस्था दर्ता तथा नवीकरण ( आ.व २०७८/०७९ ) भएको कागजात ,कर दस्तुर तिरेका प्रमाण कागजात र फोहोरमैला व्यवस्थापन सम्बन्धि अनुभवका प्रमाण कागज पेश भएको हुनुपर्नेछ ।

४. कुनै पनि प्रस्ताव विनाकारण स्वीकृत वा अस्वीकृत गर्ने अधिकार पालुङटार नगरपालिकामा सुरक्षित रहने छ ।

५. प्रस्ताव दाखिला गर्ने र खोल्ने दिन विदा परेमा क्रमश : सो को भोलिपल्ट हुनेछ । साथै प्रस्तावक वा निजको प्रतिनिधि अनुपस्थित भए पनि प्रस्ताव खोल्न कुनै बाधा पर्ने छैन ।

६. यस कार्य सम्बन्धि अन्य व्यवस्था पालुङटार नगरपालिकाको फोहोर व्यवस्थापन सम्बन्धि प्रस्ताव आव्हानको TOR बमोजिम हुनेछ । पालुङटार नगरपालिकाको फोहोर व्यवस्थापन सम्बन्धि प्रस्ताव आव्हानको TOR यस नगरपालिकाको website : www.palungtarmun.gov.np बाट हेर्न सकिने छ ।

७. पालुङटार नगरपालिकाको नगरसभाबाट स्वीकृत फोहोरमैला शुल्क लगायत प्रस्तुत सूचनाका सम्बन्धमा बुझ्नु पर्ने थप जानकारी पालुङटार नगरपालिका कार्यपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिने छ ।

2078/06/10

बाबु राम कारखेती
नि. प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner